**डिप्रोक्स लघुवित्त विकास बैंक लिमिटेड**
**नारायणगढ, चितवन**
लेखा परीक्षण नभएको वित्तीय नतिजा
आर्थिक वर्ष २०७३।०७४ को दाम्रो त्रैमासमा

| क्र.स. | पूंजी तथा दायित्व | यस त्रैमास २०७३ पौष | गत त्रैमास २०७३ आश्विन | गत आ.व. २०७२ पौष |
|---|---|---|---|---|
| १ | कूल पूंजी तथा दायित्व | ५,२०६,५२१,०२६।८७ | ४,८७८,१६६,२७४।३८ | ३,८८३,३०१,०७९।०८ |
| १.१ | चुक्ता पूंजी | २५७,९२३,८४५।०० | २५७,९२३,८४५।०० | २५७,९२३,८४५।०० |
| १.२ | जगेडा तथा कोषहरू | ५९०,५३६,१०२।११ | ५१२,८६२,६४९।९० | २२७,२५२,६१९।८५ |
| १.३ | ऋणपत्र तथा बण्ड | - | - | - |
| १.४ | सापटी | २,७८८,२७७,१४१।८५ | २,६५८,१९१,६८७।१३ | २,३०५,९३९,६९४।४५ |
| १.५ | निक्षेप दायित्व | *१,३९६,३६५,७३३।००* | *१,२६५,६२५,३००।००* | *९७८,७१६,२८४।००* |
| १.५.१ | समुहगत | १,३९६,३६५,७३३।०० | १,२६५,६२५,३००।०० | ९७८,७१६,२८४।०० |
| १.५.२ | सर्वसाधारण | - | - | - |
| १.६ | आयकर दायित्व | - | २९,७२०,१९१।०० | - |
| १.७ | अन्य दायित्व | १७३,४१८,२०४।९१ | १५३,८४२,६०१।३५ | ११३,४६८,६३५।७८ |
| २. | कूल सम्पत्ति | ५,२०६,५२१,०२६।८७ | ४,८७८,१६६,२७४।३८ | ३,८८३,३०१,०७९।०८ |
| २.१ | नगद तथा बैंक मौज्दात | २४७,२५०,२२८।८१ | ३२०,४८७,८५१।१८ | ५४९,९५७,७७९।३१ |
| २.२ | माग तथा अल्पसूचनामा प्राप्त हुने | - | - | - |
| २.३ | लगानी | २,०१०,०००।०० | २,०१०,०००।०० | १०,०००।०० |
| २.४ | कर्जा तथा सापट | ४,६९१,२९५,५४०।०० | ४,३०५,३८०,६३७।०० | ३,१८५,१९५,०६०।०० |
| २.५ | स्थिर सम्पत्ति | २०,१०६,८४७।९७ | १९,३९२,३६३।५२ | १६,९४६,९२८।३० |
| २.६ | गैर बैंकिङ सम्पत्ति | - | - | - |
| २.७ | अन्य सम्पत्ति | २४५,८५८,४१०।०९ | २३०,८९५,४२२।६८ | १३१,१९१,३११।४७ |
| ३ | **नाफा नोक्सान हिसाव** | **यस त्रैमास २०७३ पौष** | **गत त्रैमास २०७३ आश्विन** | **गत आ.व. २०७२ पौष** |
| ३.१ | व्याज आम्दानी | ४१५,२५५,५७०।६१ | २०१,८६६,३८६।५६ | २९३,९४४,४०९।०० |
| ३.२ | व्याज खर्च | ११०,०७९,४१२।९३ | ४९,७७०,४९८।८७ | ७६,०७१,१३०।६७ |
| क. | खूद ब्याज आम्दानी | ३०५,१७६,१५७।६८ | १५२,०९५,८८७।६९ | २१७,८७३,२७८।३३ |
| ३.३ | फि, कमिशन र डिस्काउण्ट | - | - | - |
| ३.४ | अन्य सञ्चालन आम्दानी | ३८,११९,५१२।४७ | १८,४५१,२९३।६६ | २८,२९८,५७२।६८ |
| ख | कूल सञ्चालन आम्दानी | ३४३,२९५,६७०।१५ | १७०,५४७,१८१।३५ | २४६,१७१,८५१।०१ |
| ३.५ | कर्मचारी खर्च | ८०,५२०,५५७।३२ | ४५,७४८,७०३।०४ | ६३,४३९,७६६।०७ |
| ३.६ | अन्य सञ्चालन खर्च | २५,८८७,२०२।०९ | १२,००७,६७१।७८ | २०,८३९,६५५।९२ |
| ग | नोक्सानी ब्यवस्था अधिको सञ्चालन नाफा | २३६,८८७,९१०।७४ | ११२,७९०,८०६।५३ | १६१,८९२,४२९।०२ |
| ३.७ | सम्भावित नोसानी व्यवस्था | ३७,७४६,४०९।०० | २२,९३१,१५५।०० | ४१,२९५,२७६।०० |
| घ | सञ्चालन नाफा | १९९,१४१,५०१।७४ | ८९,८५९,६५१।५३ | १२०,५९७,१५३।०२ |
| ३.८ | गैर सञ्चालन आम्दानी/ खर्च (खुद) | - | - | - |
| ३.९ | सम्भावित नोक्सानी ब्यवस्थाबाट फिर्ता | ३१,८३९,७६७।०० | १९,१०८,५०३।०० | १८,५८९,९०७।०० |
| ङ | नियमित कृयाकलापबाट नाफा | २३०,९८१,२६८।७४ | १०८,९६८,१५४।५३ | १३९,१८७,०६०।०२ |
| ३.१० | असामान्य कारोवारबाट भएको आम्दानी / खर्च (खूद) | ५१,०४६।०० | ५,८७८।०० | १३,४३०।०० |
| च | बोनस र कर अधिको नाफा | २३१,०३२,३१४।७४ | १०८,९७४,०३२।५३ | १३९,२००,४९०।०२ |
| ३.११ | कर्मचारी बोनस ब्यवस्था | २१,००२,९३८।०० | ९,९०६,७३०।०० | १२,६५४,५९०।०० |
| ३.१२ | आयकर व्यवस्था | ६३,००८,८१३।०० | २९,७२०,१९१।०० | ३७,९६३,७७०।०० |
| छ | खूद नाफा/नोक्सान | १४७,०२०,५६३।७४ | ६९,३४७,१११।५३ | ८८,५८२,१३०।०२ |
| ४ | अनुपातहरू | **यस त्रैमास २०७३ पौष** | **गत त्रैमास २०७३ आश्विन** | **गत आ.व. २०७२ पौष** |
| ४.१ | पूँजीकोष / जोखिम भारित सम्पत्ति | १७।६५ | १७।३७ | १४।७६ |
| ४.२ | निष्कृय कर्जा/ कूल कर्जा | ०।७७ | ०।७४ | २।४० |
| ४.३ | सम्भावित नोसानी ब्यवस्था/ कूल निष्कृय कर्जा | १८३।७३ | २०१।५५ | ७४।३९ |
| ४.५ | पूंजीको लागत | ६।९५ | ५।३७ | ५।२२ |
| ४.६ | निक्षेप कर्जा अनुपात | २९।३५ | २८।९६ | ३०।१८ |

नोटः सुपरिवेक्षण गर्ने निकाय तथा बाह्य लेखा परिक्षकले थप/घट गर्न निर्देशन दिएमा परिष्कृत वित्तीय विवरणमा फरक पर्न सक्नेछ ।

**धितोपत्र दर्ता तथा निष्काशन नियमावली २०७३ नियम २६ को उपविनियम (१) संग सम्बन्धित अनुसुची १४ बमोजिमको डिप्रोक्स लघुवित्त विकास बैंक लिमिटेडको आ.व. २०७३/०७४ को दोस्रो त्रैमासिक बिवरण**

१. **प्रमुख वित्तीय बिवरण :**

क. **त्रैमासिक अवधिको वासलात, नाफा-नोक्सान हिसाब सम्बन्धी बिवरणः-** यस बैंकको वासलात, नाफा-नोक्सान सम्बन्धि बिवरण यसैसाथ प्रकाशित गरिएको छ।

ख. **न्यूनतम रूपमा प्रमुख वित्तीय अनुपातहरू निम्न बमोजिम रहेको छः-**

| | | | |
|---|---|---|---|
| प्रति शेयर आम्दानी | रू.५७।०० | प्रति शेयर नेटवर्थ | रू.३२८।९६ |
| प्रति शेयर बजार मूल्य | रू.२,२२०।०० | प्रति शेयर कुल सम्पतिको मूल्य | रू.२०१८।६३ |
| मूल्य आम्दानी अनुपात | ३८।९५ | तरलता अनुपात | ५।९१ |

२. **व्यवस्थापकीय बिश्लेषण :**

क. **त्रैमासिक अवधिमा संस्थाको मौज्दात, आम्दानी र तरलतामा कुनै परिवर्तन भएको भए सो को प्रमुख कारण सम्बन्धी बिवरणः** कारोवारको बृद्धिसंगै संस्थाको मौज्दात, आम्दानी, र तरलतामा सकारात्मक रूपमा बृद्धि भएको छ।

ख. **आगामी अवधिको व्यवसायिक योजना सम्बन्धमा व्यवस्थापनको विश्लेषणात्मक बिवरण** : बैंकको व्यवसायिक स्थिति योजना अनुरूप सन्तोषजनक रहेको छ । राष्ट्रिय स्तरको यस लघुबित्त बिकास बैंकले हाल सम्म ५४ बटा जिल्लामा ८९ बटा शाखा मार्फत गुणस्तरीय सेवा प्रदान गरिरहेको साथै नयाँ कार्यक्रम बिस्तार गर्दा लघुबित्त सेवा नपुगेका क्षेत्र तथा जिल्लाहरूलाई प्राथमिकता दिईएको छ । बैंकद्धरा प्रदान गरिने सेवाहरूलाई बिबिधिकरण गर्दै राष्ट्रिय तथा अर्न्तराष्ट्रिय बिप्रेशण सेवा तथा वीमा सम्वन्धि सेवाहरू संचालन गरिनेछ । बैंकको आम्दानी तथा तरलता राम्रो रहेको छ साथै वार्षिक कार्ययोजना अनुरूप कार्यक्रम सञ्चालन भईरहेको छ। यस त्रैमासको अन्त्य सम्ममा बैंकले हासिल गरेको लक्ष तथा प्रगती निम्नानुसार रहेका छनः

| बिवरण | यस त्रैमास सम्मको | | यस आ.व.को अन्त्य सम्मको |
|---|---|---|---|
| | लक्ष्य | प्रगती | लक्ष्य |
| कुल सदस्य संख्या | १,३२,९७० | १,३०,११९ | १,४८,७७५ |
| लगानीमा रहेको कर्जा | ४,८१,७३,०८,००० | ४,७५,८४,३१,७६३ | ५,९०,१७,३९,००० |
| कुल बचत तथा निक्षेप | १,३५,६९,३६,००० | १,३९,६३,६५,७३३ | १,६४,८२,७६,००० |

ग. **बिगतको अनुभवबाट संगठित संस्थाको मौज्दात नाफा वा नगद प्रवाहमा तात्विक असर पार्न सक्ने घटना अवस्था आदि भएमा सो सम्बन्धि विश्लेषणात्मक बिवरण** : बाणिज्य बैंकहरूले २ प्रतिशत प्रत्यक्ष लगानि गर्न पाउने व्यवस्था, लघुवित्तको बाह्य श्रोतको संकुचन तथा बैंक तथा वित्तिय संस्थाले लिने ब्याजदरको उतारचढाब, लघुवित्त संस्थाहरूमा देखिएको कर्जा दोहोरोपना, हालै नेपाल राष्ट्र बैंकबाट जारी ब्याजदर सिमाले प्रक्षेपित आम्दानीमा संकुचन हुनसक्ने आदि कारणले बैंकलाई असर पर्न सक्ने छ, तथापी बैंकले तय गरेको कार्यनीति व्यबस्थापनका कारण गम्भीर समस्या ब्यहोर्नु परेको छैन । बैंकले भविष्यमा पनि तात्विक असर पार्न सक्ने घटना वा अबस्था आउन नदिन आबश्यक नीति नियमको तर्जुमा गरि अघि बढ्ने नीति लिएको छ।

३. **कानुनी कारवाही सम्वन्धि बिवरण** :यस त्रैमाससम्ममा यस बैंक तथा यसका सञ्चालकहरू माथि कानुनी कारवाही सम्वन्धि कुनै मुद्दा दायर भएको जानकारी छैन।

४. **संगठित संस्थाको शेयर कारोवार सम्वन्धि बिश्लेषण :**

क. **धितोपत्र बजारमा भएको संगठित संस्थाको शेयरको कारोवार सम्बन्धमा व्यवस्थापनको धारणाः** यस बैंक शेयर कारोवार सम्वन्धमा शेयरको खरिदकर्ता र बिक्रेताबिच हुने स्वस्थ्य प्रतिस्पर्धामा, बैंकले मूल्यमा असर पर्ने गरी कुनै भूमिका खेलेको छैन । बजारमा शेयरको कारोवार सन्तोषजनक रहेको छ।

ख. **त्रैमासिक अवधिको शेयरको अधिकतम, न्यूनतम , अन्तिम मूल्य, कारोवार भएको कूल दिन तथा कारोवार संख्याः** यस त्रैमासिक अवधिको शेयरको अधिकतम, न्युनतम, अन्तिम मूल्य, कारोवार भएको कुल दिन र कारोवार संख्या निम्न बमोजिम छ । ( नेपाल स्टक एक्सचेन्जको वेभसाईटमा आधारित)

| अधिकतम मूल्य : | न्युनतम मूल्य : | अन्तिम मूल्य : | कारोवार भएको कुल दिन | कारोवार भएको कुल संख्या |
|---|---|---|---|---|
| रू.२,९०० | रू.१,८१५ | रू.२,२२० | ५० | ८३,०८९ |

५. **समस्या र चुनौती :**

**क.** संख्यात्मक रूपमा बृद्धि भएको वित्तीय संस्थाहरूको शाखा बिस्तारले लघुवित्त क्षेत्रमा अस्वस्थ प्रतिस्पर्धा ।

**ख.** अप्रत्यासीत रूपमा सृजना हुनसक्ने प्रतिकुल अवस्था ।

**ग.** बजारमा ब्याजदरमा उतार चढाव ।

**घ.** देशमा हुने राजनिति वातावरण, आर्थिक व्यावसाय मन्दी आदीले ल्याउने चुनौती ।

६. **संस्थागत सुशासनः** बैंकको संस्थागत सुशासनका लागि कम्पनीको संचालक समिति, लेखापरीक्षण समिति, जोखिम व्यवस्थापन समिति कर्मचारी सेवा सुविधा समिति लगायत बिभिन्न आन्तरिक समिति तथा उप-समिति मार्फत कम्पनीको व्यावसायिक योजना तथा कार्यक्रमको नीति तर्जुमा गरी सोही बमोजिम कार्य सम्पादन हुदै आईरहेको छ । बैंकका सञ्चालक र कर्मचारीहरू नेपाल राष्ट्र बैंकले, बैंक तथा वित्तीय संस्थाहरूलाई जारी गरेको संस्थागत सुशासन सम्वन्धि निर्देशनहरू पालना गर्न सदैव प्रतिवद्ध रही कार्य गरिरहेका छन् ।

७. **सत्य तथ्यताको सम्बन्धमा कार्यकारी प्रमुखको उद्घोषणः** आजको मितिसम्ममा यस प्रतिवेदनमा उल्लेखित जानकारी तथा बिवरणहरूको शुद्धता सम्बन्धमा म ब्यक्तिगत रूपमा उत्तरदायित्व लिन्छु । साथै म यो उद्घोषण गर्दछु की मैले जाने बुझे तथा जानकार भएसम्म यस प्रतिवेदनमा उल्लेखित बिवरणहरू सत्य, तथ्य र पूर्ण भएको साथै लगानीकर्ताहरूलाई सुसूचित भई निर्णय लिन आवश्यक कुनै बिवरण, सूचना तथा जानकारीहरू लुकाइएको छैन ।